# लिखु पिके गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

चौंलाखर्क, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

प.सं.: ७७/७८
च.नं.

मिति:-२०७७/११/२०

**नविकरण गर्न छुट भएका प्राईभेट फर्म नविकरण गर्ने सम्बन्धी**
**अत्यन्त जरुरी सूचना!!**

घरेलु तथा साना उद्योग कार्यालय सोलुखुम्बु मा दर्ता भई व्यापार/व्यवसाय सञ्चालन गरिरहेका तर विविध कारणले तोकिएका समयावधिमा नविकरण गराउन छुट भएका प्राईभेट फर्महरुले दरखास्त दिई तोकिए बमोजिम नविकरण गराउन सकिने सम्बन्धमा मिति २०७७/१०/२८ गतेको प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार प्रदेश राजपत्रमा समेत सुचना प्रकाशित भईसकेको हुँदा समयमा नै आफ्नो फर्म नविकरण गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

थप जानकारीको लागी
घरेलु तथा साना उद्योग कार्यालय सल्लेरी,सोलुखुम्बु ०३८-५२०१०६
मोबाईल नं. ९८४२९५७२७२

सम्बन्धित प्रदेश राजपत्र यसैसाथ संलग्न छ।

२०७७/११/२०
कृष्ण पौडेल
प्रमुख प्रशासकिय अधिकृत

# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, माघ २८ गते, २०७७ साल (अतिरिक्ताङ्क ३२

## भाग ३

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ को परिधि भित्र रही वैधानिक रुपमा प्राइभेट फर्म दर्ता गरी व्यापार/व्यवसाय संचालन गरिरहेका तर विविध कारणले तोकिएको समयावधिमा नवीकरण गराउन छुट भएका प्राइभेट फर्महरुले दरखास्त दिएमा देहाय बमोजिम हुने गरी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७७।१०।२८ को वैठकले निर्णय गरेको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहायः

१. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न सार्वजनिक सेवा तथा व्यवसायको सञ्चालन तथा सर्वसाधारण जनताको आवतजावतमा रोक लगाएको कारणबाट सम्बत् २०७६ चैत्र ११ गतेपछि यो निर्णय प्रदेश



राजपत्रमा प्रकाशन हुँदाका मितिसम्म नवीकरण गराउन नसकेका प्राइभेट फर्मको धनीले यो निर्णय प्रदेश राजपत्रमा प्रकाशन भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि सम्बन्धित कार्यालयमा दरखास्त दिन सक्नेछ। त्यसरी दरखास्त दिएमा नवीकरण गर्दा थप दस्तुर वा जरिवाना लाग्ने छैन।

२. यो निर्णय प्रदेश राजपत्रमा प्रकाशन हुँदाका बखत खारेजीमा नपरेका र प्राइभेट फर्म नवीकरण गराउन नसकेका प्राइभेट फर्मको धनीले त्यसको मनासिब कारण खुलाई सम्बत् २०७८ साल असार मसान्तभित्र नवीकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासिब देखिएमा सम्वन्धित घरेलु तथा साना उद्योग कार्यालयले नवीकरण अवधि तीन वर्ष मानी प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को अनुसूची-१ बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर र देहाय बमोजिमको जरिवाना समेत लिई दरखास्त परेको मितिले तीन दिनभित्र त्यस्तो प्राइभेट फर्म नवीकरण गरि दिनु पर्नेछः

(क) बीस लाख रुपैयाँसम्म पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि दुई हजार पाँच सय रुपैयाँका दरले,

(ख) बीस लाख रुपैयाँभन्दा बढी पूँजी भएको प्राइभेट फर्मबाट प्रत्येक बर्षका लागि पाँच हजार पाँच सय रुपैयाँका दरले।

स्वीकृत मितिः- २०७७/१०/२८

आज्ञाले,
टोप बहादुर श्रेष्ठ
नि. प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np